चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बालुवाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

## (पहिलो संसोधन) शिक्षा सम्बन्धी अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

शिक्षा सम्बन्धी अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई समसामयिक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि संशोधन गर्न बाञ्छनीय भएकोले, शिक्षा ऐन, २०७४ को दफा ३० ले दिएको अधिकारको प्रयोग गरी चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको ६७ औं बैठकले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यी नियमहरुको नाम "(पहिलो संसोधन)शिक्षा सम्बन्धी अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२"रहेको छ।
(ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा सम्बन्धी अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१" को परिच्छेद-३ नियम ५, को ७ मा संसोधनः
प्रधानाध्यापक छनौट तथा मूल्याङ्कनका आधारहरु अनुसूची ५ वमोजिम हुनेछ।

### अनुसूची — ५
(नियम १७ परिच्छेद ३ दफा १७ सँग सम्बन्धित)
**प्रधानाध्यापक छनौटका आधारहरु**

| छनौटका आधार | अंक |
|---|---|
| १. शैक्षिक योग्यता | |
| (क) न्यूनतम शैक्षिक योग्यता | १५ |
| (ख) माथिल्लो शैक्षिक योग्यता | १० |
| २. शिक्षण अनुभव | २५ |
| ३. तालिम | |
| (क)शैक्षिक तालिम | १० |
| (ख)विद्यालय व्यवस्थापन तालिम | २ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | |
| (क)विद्यालय विकास प्रस्ताव | १५ |
| (ख)विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ६ |
| ६. नेतृत्व लिने क्षमता | ५ |

जीवन खत्री
नगर प्रमुख

जम्मा: १००

द्रष्टव्य:

(१) न्यूनतम शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्द न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अङ्क, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ । माथिल्लो शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ । माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फिल. लाई जनाउँनेछ।

तर दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।

(२) शिक्षण अनुभवन वापत अङ्क प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणी भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइनेछ ।

तर महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्कन थप गरिनेछ।

(३) तालिम अन्तर्गत शैक्षिक तालिम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ। श्रेणी नखुलेको तालिमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ। शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालिम वापत मात्र अङ्क पाउनेछ।

तालिम अन्तर्गत विद्यालय व्यवस्थापन तालिम वापत एकमुष्ट २ अङ्क प्रदान गरिनेछ।

(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा चार अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ। अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछः-

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत}} \times ४$$

(क) भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतको अङ्क ४० भन्दा कम भएमा ४० लाई मानिनेछ । यस खण्डको प्रयोजनका लागि "भौगोलिक इकाई" भन्नाले नगरपालिकालाई जनाउँछ ।

जीवन खत्री
नगर प्रमुख

(५) देहायको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अङ्क १५ र सोको प्रस्तुतीकरण वापत ६ अङ्क दिइनेछ । प्रस्ताव वापत अङ्क प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा सोको पुष्ट्याई समेत दिनु पर्देछ ।

(क) वर्तमान शैक्षिक र आर्थिक अवस्था,

(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी,

(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर,

(घ) अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,

(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचहरु,

(६) शिक्षा निर्देशकले प्रधानाध्यापकको उम्मेदरवारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमा गर्नु पर्नेछः-

| मूल्याङ्कनका आधारहरु | अति उत्तम (१.२५) | उत्तम (१.००) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्माः- | | | | |

(७) नेतृत्व लिने क्षमता वापत अङ्क प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा सोको पुष्ट्याई समेत गर्नुपर्नेछ ।

(८) शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङ्ग उम्मेदवार र अन्य उम्मेदवारको अङ्क बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ ।

३. "चाँगुनारायण नगरपालिकाको शिक्षा सम्बन्धी अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१"को अनुसूची -२, संसोधनः

थप इन्टरनेटको सट्टामा परीक्षा व्यवस्थापन तथा ICT मर्मत

जीवन खत्री

नगर